श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४६।११।३ को निर्णयानुसार पञ्चायत तथा स्थानीय विकास मन्त्रालय वा अन्तर्गतका नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणी (सह-सचिवस्तर) का श्री सत्यराम श्रेष्ठलाई लोक सेवा आयोग मध्यमाञ्चल क्षेत्रीय निर्देशनालयको क्षेत्रीय निर्देशक पदमा सरुवा गरेको छ ।

आज्ञाले,
विमलराज बस्नेत
श्री ५ को सरकारको सचिव

### सूचना २

श्री ५ को सरकारले मिति २०४६।१०।२३ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी, सहायक सचिवस्तरका देहायका अधिकृतहरूलाई सोही सेवा र श्रेणीको समानस्तरको पदमा देहायबमोजिम सरुवा गरेको छ ।

| क्र.सं. | नाम र थर | साविक पद र कार्यालय | सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री नरपति सिंह | सूचना अधिकृत, पर्यटन सूचना केन्द्र, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल । | राजपत्राङ्कित द्वितीय श्रेणी, सहायक सचिव-स्तर, गृह मन्त्रालय वा अन्तर्गत । |
| २. | श्री विष्णुहरि नेपाल | राजपत्राङ्कित द्वितीय श्रेणी, सहायक सचिवस्तर, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह । | राजपत्राङ्कित द्वितीय श्रेणी, सहायक सचिव-स्तर, पर्यटन मन्त्रालय वा अन्तर्गत । |
| ३. | श्री गुरुप्रसाद शर्मा | सहायक निर्देशक, मध्यमाञ्चल क्षेत्रीय हुलाक निर्देसनालय । | राजपत्राङ्कित द्वितीय श्रेणी, सहायक सचिव-स्तर, भूमिसुधार तथा व्यवस्था मन्त्रालय वा अन्तर्गत । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।